# प्रदेश राजपत्र

प्रदेश नं. २, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड २) जनकपुरधाम, पुस १ गते, २०७५ साल (अतिरिक्ताङ्क १६(क)

## भाग १

### प्रदेश सरकार

### आन्तरिक मामिला तथा कानून मन्त्रालय

### प्रदेश नम्बर दुईको सार्वजनिक प्रशासनका लागि करारमा

### कर्मचारी भर्ना सम्बन्धी ऐन, २०७५

सम्बत २०७५ सालको ऐन नं.१४

<u>प्रस्तावना:</u> प्रदेश भित्रको सार्वजनिक प्रशासनको काम कारवाही चुस्त, दुरुस्त, छिटो छरितो र प्रभावकारी बनाउन तथा जनउत्तरदायी शासन व्यवस्थाका लागि आवश्यक जनशक्तिको पूर्ति हुन नसकेको, संघीय र प्रादेशिक निजामती सेवा सम्बन्धी ऐन बनि नसकेको, रिक्त पदपूर्तिका

लागि प्रादेशिक लोक सेवा आयोग गठन भई नसकेको र संघीय सरकारबाट पर्याप्त कर्मचारीहरु प्राप्त हुन नसकेबाट सार्वजनिक निकायहरुमा कर्मचारीहरुको अभाव भई प्रदेश प्रशासन नै संचालन हुन नसक्ने देखिएकोले रिक्त पदहरुमा स्थायी पदपूर्ति नभए सम्म छोटो अवधिका लागि करार सेवामा कर्मचारीहरु नियुक्ति गर्न अति आवश्यक परेकोले

नेपालको संविधानको धारा १९७ बमोजिम प्रदेश नम्बर दुईको प्रदेश सभाले यो ऐन बनाएको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यस ऐनको नाम "प्रदेश नम्बर दुईको सार्वजनिक प्रशासनका लागि करारमा कर्मचारी भर्ना सम्बन्धी ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>परिभाषा</u>: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा -

(क) "अख्तियारवाला" भन्नाले दफा ३बमोजिम नियुक्ति गर्न सक्ने अधिकारी सम्झनु पर्छ ।

(ख) "करार" भन्नाले यस ऐन वमोजिम अख्तियारवाला र कर्मचारी वीच भएको करार सम्झनु पर्छ ।

(ग) "कार्यालय"भन्नाले प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सम्झनु पर्छ ।

(घ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन वमोजिम तोकिएको वा तोकिए वमोजिम सम्झनु पर्छ ।

(ङ) "निजामती कर्मचारी" भन्नाले प्रदेशमा कार्यरत संघीय निजामती कर्मचारीलाई जनाउनेछ । सो शब्दले प्रदेश

निजामती सेवा गठन भई कर्मचारी भर्ना भएको अवस्थामा प्रदेश निजामती कर्मचारी समेतलाई जनाउने छ ।

(च) "मातहतको कार्यालय" भन्नाले कार्यालय वा मन्त्रालयको मातहतको कार्यालयलाई सम्झनु पर्छ ।

(छ) "प्रदेश" भन्नाले प्रदेश नम्बर दुईलाई सम्झनु पर्छ ।

(ज) "मन्त्रालय" भन्नाले प्रदेश सरकारको मन्त्रालय सम्झनु पर्छ ।

(झ) "सचिवालय" भन्नाले प्रदेश नम्बर दुईको प्रदेश सभा सचिवालयलाई सम्झनु पर्छ ।

(ञ) "सरकार" भन्नाले प्रदेश नम्बर दुईको सरकारलाई सम्झनु पर्छ ।

(ट) "समिति" भन्नाले दफा ४ वमोजिमको कर्मचारी भर्ना सिफारिस समिति सम्झनु पर्छ ।

(ठ) "स्थायी पद" भन्नाले निवृत्तिभरण पाउने र म्याद नतोकिएको निजामती सेवाको पद सम्झनु पर्छ ।

३. <u>अख्तियारवालाले निजामती कर्मचारीको करारमा भर्ना र पदस्थापन गर्नेः</u> (१) निजामती सेवाको कुनै पद रिक्त भएमा त्यसको सूचना पद रिक्त भएको बढीमा ७ दिन भित्र सम्बन्धित निकायले कार्यालय र दफा ४ वमोजिमको समितिलाई दिनु पर्नेछ । सो अवधि भित्र सूचना नदिने पदाधिकारीलाई विभागिय कारवाही हुनेछ ।

(२) संघीय सरकारबाट प्राप्त कर्मचारीहरुको दरबन्दी ढाँचा समेतका आधारमा प्रदेश सरकारबाट स्वीकृत भएका दरवन्दी मध्ये रिक्त दरबन्दीमा संघीय सरकारबाट खटिई आएका कर्मचारीहरुको प्राथमिकताका आधारमा पदस्थापन गरिनेछ ।

(३) उपदफा (१)बमोजिमको रिक्त भएको पद वा उपदफा (२) बमोजिम संघीय सरकारवाट खटिएको कर्मचारी कार्यक्षेत्रमा ३५ दिन भित्र काम काज गर्न नथालेका कारण रिक्त भएको पदमा बढीमा ६ महिनाका लागि अख्तियारवालाले करारमा कर्मचारी नियुक्त गर्न सक्नेछ ।

(४) निजामती सेवाको रिक्त राजपत्राङ्कित पदमा कार्यालयको प्रमुख सचिव वा सो दर्जाको अधिकृतले करारमा नियुक्ति गर्नेछ ।

(५) श्रेणी विहिन वाहेक निजामती सेवाको राजपत्र अनंङ्कित पदमा करारमा विभागिय प्रमुख वा निज भन्दा माथिल्लो दर्जाको अधिकृतले नियुक्ति गर्न सक्नेछ ।

(६) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यालय, सचिवालय, मन्त्रालय वा मातहतका कार्यालयंको प्रमुखले श्रेणी विहीन पदमा कर्मचारी नियुक्त गर्न सक्नेछ ।

(७) उपदफा ३,४ र ५ बमोजिमको कर्मचारीको नियुक्त गर्दा दफा ४ बमोजिमको समितिको सिफारिस बमोजिम गर्नु पर्नेछ।

(८) यस दफा बमोजिम करारमा कर्मचारी नियुक्त गर्दा स्वीकृत दरबन्दी भित्र मात्र गर्नु पर्नेछ ।

(९) यस दफा बमोजिम करारमा नियुक्त भई काम काज गरेको कर्मचारीको करारको म्याद समाप्त हुदां सम्म पनि कर्मचारी अपुग भएमा निजको कार्य सम्पादनको आधारमा अख्तियारवालाले करार गरी पुन कर्मचारीको रुपमा नियुक्त गर्न सकिन्छ ।

(१०) पदपूर्ति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४. कर्मचारी भर्ना सिफारिस समिति:(१) प्रदेश प्रशासनका लागि रिक्त पदको संख्या एकिन गर्न तथा कर्मचारी भर्ना छनौट गर्नका लागि देहाय बमोजिमको कर्मचारी भर्ना सिफारिस समिति रहनेछ :-

(क) मुख्य न्यायाधिवक्ता -अध्यक्ष

(ख) सचिव,आन्तरिक मामिला तथा कानून मन्त्रालय -सदस्य

(ग) सम्बन्धित मन्त्रालयको सचिव -सदस्य सचिव

(२) आन्तरिक मामिला तथा कानून मन्त्रालयको हकमा

(क) मुख्य न्यायाधिवक्ता -अध्यक्ष

(ख) कार्यालयको सचिव (कानून) -सदस्य

(ग) मन्त्रालयको सचिव -सदस्य सचिव

(३) प्रदेश सभा सचिवालयको हकमा

(क) मुख्य न्यायाधिवक्ता - अध्यक्ष

(ख) सचिव - सदस्य

(ग) उपसचिव (संसदीय मामिला सम्बन्धी कम्तीमा ५ वर्षको अनुभव भएको) -सदस्य सचिव

(४) उपदफा (१) बमोजिमको समितिले कार्यालय,प्रदेशका मन्त्रालय, सचिवालय र मातहतका कार्यालय वा निकायहरुको कर्मचारीहरुको रिक्त दरवन्दी, ती दरवन्दीमा स्थायी रुपमा पदपूर्ति हुन सक्ने अवधि, रिक्त हुन लागेका पदहरुको संख्या समेतको विचार गरी करारद्वारा पूर्ति गरिने पदको संख्या एकीन गर्ने र ती पदका लागि कर्मचारीहरु छनौट गरी नियुक्तिको लागि अख्तियारवाला समक्ष सिफारिस गर्नेछ ।

५. कर्मचारी छनौट विधिः(१) दफा ३ बमोजिम करार सेवामा कर्मचारीहरूको नियुक्ति र पदस्थापना गर्नु भन्दा अघि दफा ४ बमोजिमको समितिले देहायको विधि र प्रक्रिया अवलम्वन गरी कर्मचारीहरुको छनौट गर्नुपर्नेछ ।

(२) कार्यालय, मन्त्रालय, सचिवालय, मातहतका कार्यालय वा निकायमा रिक्त पद संख्याको संकलन र पदपूर्ति गर्न आवश्यक पर्ने कर्मचारी संख्या निर्धारण गर्ने र अभिलेख कार्यालयर सचिवालयमा पठाउनु पर्नेछ ।

(३) रिक्त पदमा कर्मचारी छनौट गर्दा लिखित, अन्तरवार्तावा दुवै वा अन्य उपयुक्त विधि अवलम्वन गर्न सक्नेछ ।

(४) समितिले पूर्व कर्मचारी वा अनुभवीलाई प्राथमिकता दिन सक्नेछ ।

(५) यस दफा बमोजिम करारमा कर्मचारी भर्नाको लागि सिफारिस गर्दा कुल सिट संख्याको ४५% आरक्षणको लागि छुट्टयाई सो लाई शतप्रतिशत मानी देहाय बमोजिमको बीच छुट्टाछुट्टै प्रतिस्पर्धा गराई सिफारिस गर्नु पर्नेछ ।

(क) मधेशी - ५४.३६%
(ख) दलित -१७.२९%
(ग) मुस्लिम -११.५८%
(घ) आदिवासी/जनजाती -६.६१%
(ङ) थारु -५.२७%
(च) आर्थिक रुपले विपन्न खसआर्य -४.८९%

माथि उल्लेखित रिक्त सम्पूर्ण समूहमा (करारमा) पचास प्रतिशत सम्बन्धित समूहका महिलाका लागि आरक्षितको रहनेछ ।तर महिला समुहको लागि आरक्षित पदमा महिलाको निवेदन नपरेमा सो पदमा पुरुष उम्मेदवार भर्ना गर्न बाधा पर्ने छैन ।

(६) समितिले करारमा कर्मचारी भर्नाको लागि सिफारिस गर्दा अपाङ्ग र शहिद परिवारका सदस्यलाई प्राथमिकता दिन व्यवस्था गर्न सक्नेछ ।

६. <u>तलव र अन्य सेवा सुविधाः</u> (१) दफा ४ बमोजिम नियुक्त भएका कर्मचारीहरुले संघीय निजामती सेवाका समान तहका कर्मचारीले पाए सरहको तलव, भत्ता, चाडपर्व खर्च, लुगा भत्ता लगायत अन्य सुविधा पाउनेछन ।

तर निवृत्तिभरण, उपदान, शैक्षिक वृत्ति,अशक्तवृति जस्ता दीर्घकालिन प्रभाव पर्ने खालका सुविधाहरु पाउने छैन ।

(२) उपदफा (४) बमोजिम नियुक्त भएका कर्मचारीहरुले संघीय निजामती कर्मचारीले पाए सरहका विदा पाउनेछन् ।

तर अध्ययन विदा र असाधारण विदा पाउने छैन ।

७. <u>विभागिय कारवाहीः</u> (१) निजामती सेवा ऐन, २०४९ मा उल्लिखित आचरणहरुको उल्लंघन गर्ने कर्मचारीलाई सोही ऐनमा उल्लेखित विभागिय कारवाही हुनेछ ।संघीय निजामती सेवा ऐन बनी लागू भएपछि सो ऐनले तोकेको आचरण पालना नगरेमा सोही ऐन बमोजिम विभागिय कारवाही हुनेछ ।

(२) करारको शर्त उल्लघंन गर्ने कर्मचारीलाई करार रद्द गरी निजलाई नोकरीबाट अवकाश दिई करारका शर्त पालना गराउन सक्नेछ ।

(३) कानून बमोजिम भ्रष्टाचारजन्य कार्य गरेकोमा प्रचलित कानून वमोजिम कारवाही र सजाय हुनेछ ।

८. <u>कार्यविधि वनाउने अधिकारः</u> यो ऐनको कार्यान्वयन गर्नका लागि प्रदेश सरकारको सहमतिमासमितिलेआवश्यक कार्यविधि वनाई लागू गर्न सक्नेछ ।

तर प्रदेश सभा सचिवालयको लागि कर्मचारी भर्ना सम्बन्धमा सचिवालय संचालन र व्यवस्थापन समितिको

सहमतिमा समितिले आवश्यक कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

९. **खारेजी र बचाउः** (१) प्रदेश निजामती सेवा ऐन जारी भएपछि यो ऐन स्वतः खारेज हुनेछ ।

(२) प्रदेश निजामती सेवा ऐन जारी हुनु अघि यस ऐन वमोजिम भएका काम कारवाहीहरु प्रदेश निजामती सेवा ऐन वमोजिम भएको मानिनेछ ।

(३) यो ऐन प्रारम्भ हुनु भन्दा अगाडी करार सम्बन्धी भए गरेको काम कारवाही यसै ऐन बमोजिम भएको मानिनेछ ।

प्रमाणीकरण मिति-२०७५/०९/०१

आज्ञाले,
कृष्णहरि पुष्कर
प्रदेश सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू १०-
गो.हु.द.नं. १६।२०६२।६३